# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मदन प्रसाद गुप्ता, रिता देवी, विक्की गुप्ता, रकी गुप्ता, निरज कुमार गुप्ता, कविता कुमारी, राजेश कुमार गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादव (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०१६० र फैसला मिति २०८०/०५/२१) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी मदन प्रसाद गुप्ता सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४७/०३/२७ देखि आ.व. २०७५/०७६ सम्मको अवधिलाई जाँच अवधि कायम गरी उक्त जाँच अवधिमा प्रतिवादी मदन प्रसाद गुप्ताले तथा निजका परिवारका सदस्यहरु समेतले आय आर्जन गरेको रकम **रु. ४,५४,७२,२४६।— (चार करोड चौवन्न लाख बहत्तर हजार दुई सय छयालीस रुपैयाँ)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका खर्च तथा लगानी **रु. १९,३६,६१,१६९।— (उन्नाईस करोड छत्तीस लाख एकसाठी हजार एक सय उनान्सत्तरी रुपैयाँ)** देखिँदा निजको आय भन्दा बढी खर्च तथा लगानी गरेको रकम **रु. १४,८१,८९,०२३।— (चौध करोड एकासी लाख उनान्नब्बे हजार तेईस रुपैयाँ)** बराबरको सम्पत्तिको स्रोत खुलेको | <u>फैसलाः</u><br>वादी दावी आंशिक ठहर।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br><u>आयतर्फः</u><br>**(क) घरजग्गा बिक्रीबाट प्राप्त आयः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट शुरु खरिद मूलधनको स्रोत खुल्न आएको घरजग्गाहरु बिक्रीबाट प्राप्त आय रु. ५८,५१,०००।— लाई मात्र प्रतिवादी मदन प्रसाद गुप्ताको वैध आयमा गणना गरिएकोमा यस शीर्षकमा जम्मा रु. ४,४६,८८,३००।— हुनुपर्ने भनी प्रतिवादीको बहसनोट समेतमा जिकिर रहेको। यस सम्बन्धमा, प्रतिवादीले कुनै जाँच अवधिमा कसैबाट सापटी आदि लिएर पनि व्यवहार चलाउन सक्ने र कानुनले यस्तो व्यवहारलाई अवैद्य नमानेको अवस्थामा कुनै जाँच अवधिको कुनै खण्डमा प्रतिवादीको आयभन्दा व्यय बढी देखिए पनि समग्र जाँच अवधिको समग्र आय मूल्याङ्कन गर्दा व्ययभन्दा बढी देखिएमा गैरकानुनी रुपमा सम्पत्ति आर्जनको कसुर गरेको भन्न मिल्ने नदेखिँदा सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्या र न्यायिक अभ्यास समेतको आधारमा वादीले जाँच अवधिको खण्डिकरण गर्नुपर्ने ठोस आधार र कारण उल्लेख गर्न नसकेको अवस्थामा प्रतिवादीको समग्र जाँच अवधिको समग्र आय व्ययको गणना र मूल्याङ्कन गर्न उपयुक्त हुने देखिएकोले यस शीर्षकमा आरोपपत्रको पृष्ठ ६ र ७ को *"५(३) बिक्रि गरेको घर/जग्गाको विवरण"* शीर्षकमा विभिन्न घरजग्गा बिक्री गरेको मूल्य रु. ३,२४,५१,०००।— आयमा गणना गर्नुपर्ने देखिएको।<br>▪ साथै, प्रतिवादी रिता देवीको नाममा मिति २०६९ सालमा खरिद गरी मिति २०७१/०५/०८ | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आय र व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br><u>आयतर्फः</u><br>**(क) घर जग्गा बिक्रीबाट प्राप्त आयः**<br>**(अ)** प्रस्तुत मुद्दामा आय/व्यय प्रवाह विवरण (Cash Flow Chart) तयार गर्ने क्रममा प्रतिवादी मदन प्रसाद गुप्ताको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गरी नगद प्रवाह विभिन्न ७ खण्डमा वर्गीकरण गरी ७ वटा जाँच अवधि कायम गरिएको हो[1] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड नरहेको। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने। प्रस्तुत मुद्दामा ७ वटा जाँच अवधि कायम गरी प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत अर्थात मौज्दात सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैद्यता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र पेश भएको। प्रस्तुत मुद्दामा प्रतिवादी मदन प्रसाद गुप्ताको आय व्ययको मूल्यांकन गर्ने क्रममा निजले घरजग्गाहरु खरिद गर्दा प्रारम्भिक खर्च तथा लगानी (मूलधन) को स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय हो। सम्मानित विशेष अदालतले लिएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने खरिद भएको बखतको प्रारम्भिक खर्च तथा लगानी (मूलधन) को स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>**(आ)** यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः* |

[1] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १० (ङ)(३)

नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरी अमिल्दो तथा अस्वभाविक उच्च जीवनस्तर यापन गरेको देखिँदा प्रतिवादी मदन प्रसाद गुप्ताले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. १४,८१,८९,०२३।– (चौध करोड एकासी लाख उनान्नब्बे हजार तेईस रुपैयाँ)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. १४,८१,८९,०२३।– (चौध करोड एकासी लाख**

मा जिल्ला प्रशासन कार्यालय, मकवानपुरका कार्यालय सहयोगी श्यामप्रसाद तिमलसीनाको सासू इन्दीरा देवी काफ्लेको नाममा दर्ता कायम रहने गरी प्रतिवादी रिता देवीबाट इन्दीरा देवी काफ्लेको नाममा नामसारी गरी राखेको पर्सा जिल्ला, मसिहानी ४ स्थित **कि.नं. २८१, २८५, २८७ र २८९** को क्रमशः ०-१०-१२१/२, ०-१०-१५, ०-१२-१५ र ०-१२-१५ क्षेत्रफल भएका जग्गाहरु निजकै नाममा रही रहेको भनी आयोगबाट उक्त जग्गाहरुको सम्बन्धमा यस शीर्षकमा गणना नगरिएको। यस सम्बन्धमा, उक्त जग्गाहरु दिने प्रतिवादी रिता देवी र लिने इन्दीरा देवी काफ्ले भई मिति २०७१/०५/०८ मा र.नं. १२९ख बाट रु. ४५,००,०००।— मा राजिनामा पारित गरिदिएको देखिएको भनी उक्त रकम वादीले आरोपपत्रमा गणना गरेको नदेखिँदा सो रकम समेत जोड्दा यस शीर्षकमा जम्मा रु. ३,६९,५१,०००।— प्रतिवादीको आयमा गणना हुनुपर्ने देखिएको।

- प्रतिवादी राजेश कुमार गुप्ताको नाममा रहेको पर्सा जिल्ला, वीरगञ्ज ६ स्थित कि.नं. ७३ बाट कित्ताकाट गरी **कि.नं. १७९** को १०१.९५ व.मि. क्षेत्रफल भएको जग्गा मिति २०७१/०४/०९ मा रु. १२,००,०००।— र प्रतिवादीहरु राजेश कुमार गुप्ता र कविता कुमारीको संयुक्त नाममा रहेको सर्लाही जिल्ला, हरिवन ६ख स्थित **कि.नं. ७५९, ७६१ र ६२२** का ०-२-११ विगाह जग्गा मिति २०७६/०३/०१ मा बिक्री गरेको रकम पनि गणना हुनुपर्ने भनी प्रतिवादी मदन प्रसाद गुप्ताको जिकिर रहेता पनि प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका नाममा नभएको जग्गा बिक्रीको रकम प्रतिवादीले पाउनुपर्ने कानुनी आधार कारण नदेखिएको र सो जग्गा बिक्रीको रकम प्रतिवादीले पाएको प्रमाणबाट पुष्टि भएको अवस्था

*गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[२] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[३] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[४] भनी सिद्धान्त प्रतिपादन भएको देखिएको।

**(इ)** यसरी, खरिद तथा लगानी गरिएको सम्पत्ति बिक्री गरी आर्जन गरेको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद गरिएको सम्पत्तिमा भए गरेको प्रारम्भिक खर्च तथा लगानी (मूलधन) को स्रोत पुष्टि गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा निम्न बमोजिमका घरजग्गाहरु खरिद भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा उक्त घरजग्गाहरु बिक्रीबाट प्राप्त रकम रु. २,६६,००,०००।– आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आयमा गणना गरिएको छैनः

| क्र. सं. | घर/जग्गा धनी | घर जग्गाको विवरण | | | | | र.नं., कार्यालय र बिक्री मिति | घर/जग्गाखरिद कर्ता | बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स./गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| १ | राजेश कुमार गुप्ता | पर्सा | वीरगञ्ज | ६ | ७३ बाट कित्ताकाट भई कायम १७९ | १०१.९५ व.मि. | र.नं. १७ख, मालपोत कार्यालय पर्सा २०७१/०४/०९ | नजमा बेगम | १२,००,००० |
| २ | रिता देवी | पर्सा | वीरगञ्ज | १४ | १२४ | २६२.१० | र.नं. ६९५८, | ताजमा खातुन | २,००,००,००० |

---

२ *नेपाल सरकार वि,युवराज शर्मा समेत .* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ९, नि (८८८६ .नं.

३ *नेपाल सरकार वि,बद्रीनाथ श्रेष्ठ .* मुद्दाः भ्रष्टाचार ,२०७२ .प.का.ने) अंक ८, नि(९४४९ .नं.

४ *नेपाल सरकार वि,खुमबहादुर खड्का समेत .* मुद्दाः भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ५, नि (८८३२ .नं.

**उनान्नब्बे हजार तेईस रुपैयाँ)** बराबरको चल अचल सम्पत्ति समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।

साथै, प्रतिवादी मदन प्रसाद गुप्ताले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादीले आफू लगायत परिवारका सदस्यहरु श्रीमति रिता देवी र छोराहरु विक्की गुप्ता तथा रकी गुप्ता र अन्य व्यक्तिहरु निरज कुमार गुप्ता, कविता कुमारी, राजेश कुमार गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादव समेतको नाममा राखेको स्रोत नखुलेको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा

नदेखिँदा सोलाई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको।

**(ख) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्रतिवादी मदन प्रसाद गुप्ताको परिवारको सदस्य र अन्य व्यक्तिको नामको स्रोत नखुलेको घर जग्गा धितो राखी लिएको कर्जा आय समेत:**

- यस शीर्षकमा जाँच अवधिमा आयोगबाट मूलधन लगानीको स्रोत खुल्न आएका घरजग्गाहरु धितो राखी लिएको कर्जा जम्मा रु. ३,५८,००,०००।— मात्र प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आयमा गणना गरिएकोमा यस शीर्षकमा आरोपपत्रमा उल्लिखित जम्मा रु. ३,८९,७५,०००।– र कर्मचारी सञ्चय कोषको ऋण गणना हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, प्रतिवादीले कुनै जाँच अवधिमा कसैबाट सापटी आदि लिएर पनि व्यवहार चलाउन सक्ने र कानुनले यस्तो व्यवहारलाई अवैद्य नमानेको अवस्थामा कुनै जाँच अवधिको कुनै खण्डमा प्रतिवादीको आयभन्दा व्यय बढी देखिए पनि समग्र जाँच अवधिको समग्र आय मूल्याङ्कन गर्दा व्ययभन्दा बढी देखिएमा गैरकानुनी रुपमा सम्पत्ति आर्जनको कसुर गरेको भन्न मिल्ने नदेखिँदा सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्या र न्यायिक अभ्यास समेतको आधारमा वादीले जाँच अवधिको खण्डिकरण गर्नुपर्ने ठोस आधार र कारण उल्लेख गर्न नसकेको अवस्थामा प्रतिवादीको समग्र जाँच अवधिको समग्र आय व्ययको गणना र मूल्याङ्कन गर्न उपयुक्त हुने देखिएकोले यस शीर्षकमा आरोपपत्रको पृष्ठ ९ र १० को *"(ङ) ऋण वा सापटी लिएको र तिरेको विवरण"* शीर्षकमा विभिन्न बैंक वा वित्तीय संस्था र सहकारी समेतबाट लिएको कर्जा रु. ३,८९,७५,०००।— प्रतिवादीको आयमा गणना हुनुपर्ने देखिएको।
- साथै, प्रतिवादी मदन प्रसाद गुप्ताले कर्मचारी सञ्चय कोषबाट रु. ५,८२,८४०।— ऋण सापटी लिएको तथ्य सम्मानित अदालतको आदेशानुसार प्राप्त कर्मचारी सञ्चय कोषको च.नं. ४२५ मिति

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | व.मि. (घर समेत) | मालपोत कार्यालय, पर्सा २०७५/०२/१३ | | |
| ३ | राजेश कुमार गुप्ता र कविता कुमारी | सर्लाही | हरिवन | ६ख | ७५९, ७६१ र ६२२ | ०-२-११ मध्ये निजको आधा भाग जग्गा समेत | र.नं. ९०१५, मालपोत कार्यालय, सर्लाही २०७६/०३/०१ | विश्वनाथ राउत अहिर | ५४,००,००० |
| | | | | | | | | **जम्मा** | २,६६,००,००० |

**(ई)** प्रस्तुत मुद्दामा निम्न बमोजिमका घर जग्गाहरुको शुरु खरिद मूलधनको स्रोत खुल्न आएकोले आयोगबाट उल्लिखित घरजग्गाहरु बिक्रीबाट प्राप्त जम्मा रु. ५८,५१,०००।– प्रतिवादी मदन प्रसाद गुप्ताको वैध आयमा गणना गरिएको:

| क्र.सं | घर/जग्गा धनी | घर जग्गाको विवरण | | | | | र.नं., कार्यालय र बिक्री मिति | घर/जग्गाखरिद कर्ता | बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स./गा.पा./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| १ | रिता देवी | सर्लाही | जब्दी | ८ख | ६०४ | ०-१-३ | र.नं. १२९०ख, मालपोत कार्यालय, सर्लाही २०६५/०६/१० | शोभालल चौधरी | १,००,००० |
| २ | रिता देवी | सर्लाही | विष्णुपुर मलंगवा | ८ | २२३८ | ०-०-१० (घर समेत) | र.नं. ३५११, मालपोत कार्यालय, सर्लाही २०६७/०८/१३ | सिमा गुप्ता | २९,५१,००० |
| ३ | रिता देवी | बारा | बहुअरी | १ | ६९४ | १३.५१/२ धुर | र.नं. १५७४७/१, मालपोत कार्यालय, कलैया २०७४/०२/१९ | सपना यादव | २८,००,००० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>१६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी मदन प्रसाद गुप्ताका परिवारका सदस्यहरु श्रीमति रिता देवी र छोराहरु विककी गुप्ता तथा रकी गुप्ता र अन्य व्यक्तिहरु निरज कुमार गुप्ता, कविता कुमारी, राजेश कुमार गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादवलाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको।</td>
<td>२०८०/०५/२५ को पत्रबाट खुलेको र उक्त रकम प्रतिवादीको आयमा गणना गरेको नदेखिँदा उक्त रकम समेत प्रतिवादीको आयमा गणना हुनुपर्ने देखिएको।<br>
▪ यसरी, बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा आय रु. ३,८९,७५,०००।— र कर्मचारी सञ्चय कोषबाट लिएको कर्जा रु. ५,८२,८४०।— दुबै रकम जोड्दा प्रतिवादीको यस शीर्षकमा जम्मा रु. ३,९५,५७,८४०।— आयमा कायम हुने देखिएको।<br>
(ग) प्रतिवादी रकी गुप्ताको आयः<br>
यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी रकी गुप्ता र सागर मानन्धर समेतको संयुक्त लगानीमा सञ्चालित गायत्री निशान अटो कर्प प्रा.लि. बाट आ.व. २०७४/०७५ मा रु. ३,००,०००।— खुद आय आर्जन भएकोमा निजको भागमा रु. १,५०,०००।– आय प्राप्त भएको भनी प्रतिवादी रकी गुप्ताले अनुसन्धानको बयानको स.ज. ९ र ११ मा खुलाई कर चुक्ता विवरणका कागजातहरु समेत पेश गरेबमोजिम यस शीर्षकमा निजको आय रु. १,५०,०००।–कायम गरिएकोमा सो शीर्षकमा जम्मा रु. ४,७९,११३।— हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, प्रतिवादी रकी गुप्ताले अनुसन्धानको बयानमा निजको भागमा जम्मा रु. १,५०,०००।— प्राप्त भएको भनी उल्लेख गरेको देखिएको र प्रतिवादीको तर्फबाट अदालतमा पेश भएको बहसनोटमा आयोगको तर्फबाट गणना गरिएको आयलाई प्रतिवादीले स्वीकार गरेको देखिँदा बहस जिकिर बमोजिम गणना गर्न मिल्ने नदेखिएको।<br>
(घ) घर बहाल आयः<br>
▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट स्रोत खुल्न आएको प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.नं. ६० को ११८.८१ व.मि. जग्गा र सोमा बनेको घरबाट प्राप्त घर बहाल आय रु. १७,१६,०००।— मात्र कायम गरिएकोमा प्रतिवादीले उक्त शीर्षकमा वीरगञ्ज र काठमाण्डौबाट जम्मा रु.</td>
<td><table><tr><td>जम्मा</td><td>५८,५१,०००</td></tr></table>
यसरी, उक्त घरजग्गाहरु बिक्रीबाट प्रतिवादी मदन प्रसाद गुप्ताले प्राप्त गरेको वैद्य आय जम्मा रु. ५८,५१,०००।– मात्र कायम हुनुपर्नेमा सो बमोजिम कायम नगरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट निज प्रतिवादीको आय व्ययलाई समग्रतामा हेर्नुपर्ने भनी आरोपपत्रको पृष्ठ ६ र ७ को "५(३) बिक्रि गरेको घर/जग्गाको विवरण" शीर्षकमा विभिन्न घरजग्गा बिक्री गरेको मूल्य रु. ३,२४,५१,०००।— आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>
(उ) प्रतिवादी रिता देवीको नाममा मिति २०६९ सालमा खरिद गरी मिति २०७१/०५/०८ मा जिल्ला प्रशासन कार्यालय, मकवानपुरका कार्यालय सहयोगी श्यामप्रसाद तिमलसीनाको सासू इन्दीरा देवी काफ्लेको नाममा दर्ता कायम रहने गरी प्रतिवादी रिता देवीबाट इन्दीरा देवी काफ्लेको नाममा नामसारी गरी राखेको पर्सा जिल्ला, मसिहानी ४ स्थित कि.नं. २८१, २८५, २८७ र २८९ को क्रमशः ०-१०-१२१/२, ०-१०-१५, ०-१२-१५ र ०-१२-१५ क्षेत्रफल भएका जग्गाहरु दिने प्रतिवादी रिता देवी र लिने इन्दीरा देवी काफ्ले भई मिति २०७१/०५/०८ मा र.नं. १२९ख बाट रु. ४५,००,०००।– मा राजिनामा पारित गरिदिएको देखिएको र उक्त रकम वादीले आरोपपत्रमा गणना गरेको नदेखिँदा सम्मानित विशेष अदालतबाट रु. ४५,००,०००।– प्रतिवादीको आयमा गणना गरिएको सम्बन्धमा पुनरावेदक/वादीको कुनै जिकिर नरहेको।<br>
(ऊ) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्रतिवादी मदन प्रसाद गुप्ताको परिवारको सदस्य र अन्य व्यक्तिको नामको स्रोत नखुलेको घर जग्गा धितो राखी लिएको कर्जा आयः<br>
(अ) यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रारम्भिक खर्च लगानी (मूलधन) लाई पहिलो प्रमाणित स्रोत खुल्नुपर्ने अन्यथा स्रोत नखुलेको सम्पत्तिबाट आर्जित आय वैध हुन नसक्ने हुँदा पूर्ण रुपमा स्रोत नखुलेका जग्गाहरु धितो राखी (अन्य स्रोत खुल्न आएका जग्गाहरु समेत धितोमा नराखिएको अवस्थामा) प्राप्त कर्जा आयलाई प्रतिवादी मदन प्रसाद गुप्ताको वैध आयमा गणना गर्न उपयुक्त नदेखिँदा प्रतिवादी रिता देवीको नाममा रहेको पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.न. ६२ र २०२ को १२१.४६ व.मि. जग्गा H & B Development Bank Limited, वीरगञ्जमा धितो राखी मिति २०६६/०३/२१ मा लिएको कर्जा आय रु. ३,२५,०००।–; प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, तीनथाना ९ स्थित कि.नं. ८४६ को १७४.८५ व.मि. जग्गा र सोमा बनेको घरसमेतको धितोमा Nepal Bank Limited, वीरगञ्जबाट मिति २०७३/०९/०१ मा लिएको कर्जा रु. ४२,००,०००।–; प्रतिवादी मदन प्रसाद गुप्ताले भदै नाताकी प्रतिवादी कविता कुमारीको नाममा दर्ता कायम रहने गरी मिति २०७३/१०/१९ मा खरिद गरेको पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.नं. ७५ को ३८० व.मि. क्षेत्रफल भएको जग्गा र सोमा बनेको घर समेत Nepal Bank Limited, वीरगञ्जमा धितो राखी मिति २०७४/०१/१९ मा लिएको</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | १,१३,७९,६००।— गणना हुनुपर्ने भनी प्रतिवादीले जिकिर लिएको।<br>▪ यस सम्बन्धमा, **कि.नं. ६०** को घरको घर बहाल कर रु. ३,७८,०००।— मुद्दा पर्नु पहिले मिति २०७२/०१/३१ पछि Nepal Bank Limited, वीरगञ्ज र Everest Bank Limited, वीरगञ्जमा बुझाएको देखिँदा कर बाहेक उक्त घरको घर बहाल रु. ३४,०२,०००।— कायम हुने देखिएको।<br>▪ त्यसैगरी, **कि.नं. ८४६** को जग्गामा रहेको घरको पहिलो तला शुभ इन्टरप्राइजेजलाई र अण्डरग्राउण्ड तथा दोस्रो तला पूरै नेपाल एशियन ट्रेड प्रा.लि.लाई भाडामा दिएको भनी घर बहाल सम्झौता र उक्त संस्थाहरुले मिति २०७६/०३/२६ मा क्रमशः रु. १,०१,३३२।— र रु. ६०,९६०।— घर बहाल कर समेत बुझाएको देखिँदा उक्त घरको जाँच अवधिसम्मको कर बाहेक, घर भाडा रु. १४,६०,६२८।— गणना हुनुपर्ने देखिएको।<br>▪ त्यस्तै, **कि.नं. १२४** मा रहेको घरको आयोगले गणना गरी कोष्ठभित्र राखेको रकम रु. २०,६४,०००।— को १०% ले हुने घर बहाल कर रु. २,०६,४००।— घटाउँदा हुने जम्मा रु. १८,५७,६००।— घर बहाल आयमा गणना हुने देखिएको।<br>▪ साथै, प्रतिवादीहरु विककी गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादवका नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. ११ स्थित **कि.नं. १३३१** को जग्गामा रहेको घर आरोपपत्रको पृष्ठ ४ मा मिति २०७४/०५/२९ मा खरिद गरेको देखिँदा उक्त घरको मिति २०७४/०६/०१ देखि प्रति महिना रु. १,१०,०००।— मा टिकाराम पाण्डेलाई भाडामा दिएको भनी प्रतिवादीको बहसनोट र बहस जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा, टिकाराम पाण्डेको बकपत्र र घर बहाल सम्झौता बमोजिम उक्त घरको जम्मा १ वर्षको घर भाडा रु. १३,२०,०००।— हुनेमा सोको घर बहाल कर कट्टा | कर्जा रु. ९०,००,०००।– र प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर ६ स्थित **कि.नं. ४८७ र ४८५** को क्रमशः ०-४-२-२ र ०-०-१-२ क्षेत्रफल भएको जग्गा धितोमा राखी NMB Bank Limited बाट मिति २०७५/०८/१० मा लिएको कर्जा रु. ३१,५०,०००।– आयोगबाट निज प्रतिवादीको वैद्य आयमा गणना नगरिएको।<br>**(आ)** मूलधन लगानीको स्रोत खुल्न आएका प्रतिवादी रिता देवीको नाममा रहेको सर्लाही जिल्ला, विष्णुपुर, मलंगवा ८ स्थित कि.नं. २२३८ को १० धुर जग्गा धितोमा Nepal Bank Limited, मलंगवाबाट मिति २०५९/०४।२७ मा लिएको कर्जा रु. ४,००,०००।–; प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगञ्ज ४ कि.नं. ६० को ११८.८१ व.मि. जग्गा र सोमा बनेको घरसमेतका ऐ. कि.नं. ६२ र २०२ को १२१.४६ व.मि. जग्गाहरु समेत धितो राखी Jyoti Bikash Bank Limited, वीरगञ्जबाट मिति २०६८/१२/२१ मा लिएको कर्जा रु. ४०,००,०००।– र मिति २०६९/०१/१० मा लिएको कर्जा रु. २०,००,०००।– गरी जम्मा रु. ६०,००,०००।–; प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेका पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.नं. ६२ र २०२ को १२१.४६ व.मि. जग्गा र ऐ. कि.नं. ६० को ११८.८१ व.मि. जग्गा र सोमा बनेको घर समेतका जग्गाहरु धितोमा राखी साबिक Public Development Bank Limited, वीरगञ्जबाट (हाल Janata Bank Limited) मिति २०७०/०४/३० मा लिएको कर्जा रु. ५०,००,०००।–, मिति २०७०/०५/१४ मा लिएको थप कर्जा रु. १०,००,०००।– र मिति २०७१/०२/२३ मा लिएको थप कर्जा रु. १४,००,०००।– गरी जम्मा रु. ७४,००,०००।–; प्रतिवादी रिता देवीको नाममा रहेका पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.न. ६२ र २०२ को १२१.४६ व.मि. जग्गा र ऐ. कि.नं. ६० को ११८.८१ व.मि. जग्गा र सोमा बनेको घर एवं कि.नं. २३२ समेतका जग्गाहरु धितोमा राखी Nepal Bank Limited, वीरगञ्जबाट मिति २०७३/०१/२० मा लिएको कर्जा रु. ९५,००,०००।– र प्रतिवादी मदन प्रसाद गुप्ताको लगानीमा प्रतिवादीहरु विककी गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादवका नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. ११ स्थित कि.नं. १३३१ को ६३.५८ व.मि. जग्गा र सोमा बनेको घरसमेत खरिद प्रयोजनमा सोही घरजग्गा धितो राखी IME Co-operative Service Ltd., काठमाण्डौबाट मिति २०७४/०५/२९ मा लिएको कर्जा रु. ८०,००,०००।– र प्रतिवादी रकी गुप्ता र रामहरी मानन्धर (सागर मानन्धरको बाबु) समेतको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगञ्ज १० स्थित कि.नं. ९८, ९९, २६४ र २६५ का ३९३.८० व.मि. जग्गाहरु धितोमा राखी Global IME Bank Limited, वीरगञ्जबाट मिति २०७५/०२/२३ मा गायत्री निशान अटो कर्प प्रा.लि. (प्रतिवादी रकी गुप्ता र सागर मानन्धरको नाममा दर्ता रहेको) सञ्चालनार्थ लिएको कर्जा रु. ४५,००,०००।– गरी जम्मा रु. ३,५८,००,०००।– आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आयमा गणना गरिएको देखिन्छ। प्रस्तुत मुद्दामा यस शीर्षकमा प्रतिवादी मदन प्रसाद गुप्ताले प्राप्त गरेको वैद्य आय जम्मा रु. ३,५८,००,०००।– कायम नगरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्दा जम्मा रु. ११,८८,०००।— आम्दानी हुनेमा उक्त जग्गा प्रतिवादीहरु विककी गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादवका नाममा संयुक्त रहेको देखिँदा उक्त रकमको प्रतिवादी विककी गुप्ताको भागमा तीन भागको एक भाग हुने रु. ३,९६,०००।— गणना हुनुपर्ने देखिएको।<br>▪ पर्सा जिल्ला, वीरगञ्ज १० स्थित **कि.नं. ९८, ९९, २६४ र २६५** का जग्गाहरुमा बनेको घरको घर बहाल पनि गणना हुनुपर्ने भनी प्रतिवादिको जिकिर रहेकोमा उक्त घर जग्गा वृजलाल प्रसाद रौनियारको नाममा र.नं. ९८७ख बाट मिति २०७०/११/०४ मा खरिद गरी मिति २०७५/०२/१६ मा प्रतिवादी रकी गुप्ताको नाममा ल्याएको भनी आरोपपत्रको पृष्ठ ६ मा उल्लेख भएको देखिँदा उक्त जग्गा अन्य व्यक्तिको नाममा रहेको देखिएकोले र प्रतिवादीले घर बहाल सम्झौता र घर बहाल कर तिरेको प्रमाण पेश गर्न सकेको नदेखिएकोले उक्त घरको बहाल प्राप्त भएको पुष्टि नभएकोले प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>▪ यसरी, प्रतिवादीको **कि.नं. ६०, ८४६, १२४ र १३३१** का जग्गाहरुमा रहेका घरहरुको घर बहाल आयमा जम्मा रु. ८८,९१,२२८।— गणना हुने देखिएको।<br>**(ङ) अन्य व्यक्तिको नाममा खरिद गरेको स्रोत नखुलेको घरजग्गा धितो राखी लिएको कर्जा आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताले अन्य व्यक्तिको नाममा खरिद गरेको स्रोत नखुलेको घरजग्गा धितो राखी लिएको कर्जा रु. १,६६,७५,०००।– प्रतिवादीको आयमा गणना नगरिएकोमा प्रतिवादीका कानुन व्यवसायीहरुले उक्त रकम प्रतिवादीको आयमा गणना हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ १० मा *"अन्य व्यक्तिको नाममा खरिद गरी राखेको घरजग्गा बैंकमा धितो राखी सोही व्यक्तिको नामबाट कर्जा"* शीर्षकमा जम्मा रु. ९०,००,०००।— उल्लेख गरी | अदालतबाट निज प्रतिवादीको आय व्ययलाई समग्रतामा हेर्नुपर्ने भनी आरोपपत्रको पृष्ठ ९ र १० को "(ङ) ऋण वा सापटी लिएको र तिरेको विवरण" शीर्षकमा विभिन्न बैंक वा वित्तीय संस्था र सहकारी समेतबाट लिएको कर्जा रु. ३,८९,७५,०००।— प्रतिवादी मदन प्रसाद गुप्ताको आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(इ)** प्रतिवादी मदन प्रसाद गुप्ताले कर्मचारी सञ्चय कोषबाट रु. ५,८२,८४०।– ऋण सापटी लिएको तथ्य सम्मानित अदालतको आदेशानुसार प्राप्त कर्मचारी सञ्चय कोषको च.नं. ४२५ मिति २०८०/०५/२५ को पत्रबाट खुलेको र उक्त रकम प्रतिवादीको आयमा गणना गरेको नदेखिँदा सम्मानित विशेष अदालतबाट रु. ५,८२,८४०।– प्रतिवादीको आयमा गणना गरिएको सम्बन्धमा पुनरावेदक/वादीको कुनै जिकिर नरहेको।<br>**(ख) घर बहाल आयः**<br>**(ई)** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट स्रोत खुल्न आएको प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित कि.नं. ६० को ११८.८१ व.मि. जग्गा र सोमा बनेको घरबाट प्राप्त घर बहाल आय रु. १७,१६,०००।– मात्र कायम गरिएको छ। यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी पर्सा जिल्ला, वीरगञ्ज १४ स्थित कि.नं. १२४ को २६२.१० व.मि. जग्गा र सोमा बनेको एक तले घर मिति २०६६/०१/२८ मा खरिदमा भए गरेको खर्च तथा लगानी र प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी काठमाण्डौ जिल्ला, तीनथाना ९ स्थित कि.नं. ८४६ को १७४.८५ व.मि. जग्गा र सोमा बनेको घरसमेत खरिदमा भए गरेको खर्च तथा लगानी मूलधनको स्रोत खुल्न नआएका घरहरुबाट आर्जित घर बहाल आय क्रमशः रु. २०,६४,०००।– र रु. १०,४७,६००।– आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आयमा गणना नगरिएको।<br>**(उ)** कि.नं. १२४ मा रहेको घरको आयोगले गणना गरी कोष्ठभित्र राखेको रकम रु. २०,६४,०००।– को १०% ले हुने घर बहाल कर रु. २,०६,४००।– घटाउँदा हुने जम्मा रु. १८,५७,६००।– घर बहाल आयमा गणना हुने र कि.नं. ८४६ को जग्गामा रहेको घरको पहिलो तला शुभ इन्टरप्राइजेजलाई र अण्डरग्राउण्ड तथा दोस्रो तला पूरै नेपाल एशियन ट्रेड प्रा.लि.लाई भाडामा दिएको भनी घर बहाल सम्झौता र उक्त संस्थाहरुले मिति २०७६/०३/२६ मा क्रमशः रु. १,०१,३३२।– र रु. ६०,९६०।– घर बहाल कर समेत बुझाएको देखिँदा उक्त घरको जाँच अवधिसम्मको कर बाहेक, घर भाडा रु. १४,६०,६२८।– गणना हुनुपर्ने देखिएको भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट कि.नं. १२४ मा रहेको घरको हकमा रु. १८,५७,६००।— र कि.नं. ८४६ मा रहेको घरको हकमा रु. १४,६०,६२८।— प्रतिवादी मदन प्रसाद गुप्ताको घर बहाल आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ऊ)** **कि.नं. ६०** को घरको घर बहाल आय रु. ३४,०२,०००।– र **कि.नं. १३३१** को घरको घर बहाल आय रु. ३,९६,०००।– प्रतिवादीको आयमा गणना गरिएको सम्बन्धमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वादीले पनि स्वीकार गरेको देखिँदा सो हदसम्मको रकम गणना हुने नै देखिएको।<br>**(च) पेट्रोल पम्प (निशान ट्रेडर्स) बिक्रीबाट प्राप्त आयः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताले पेट्रोल पम्प (निशान ट्रेडर्स) मा गरेको खर्च/लगानी (मूलधन) को स्रोत नखुलेकोले उक्त पेट्रोल पम्प समेत बिक्री गरे वापत प्राप्त रु. ४०,००,०००।– रकम प्रतिवादीको आयमा गणना नगरिएकोमा प्रतिवादीले उक्त रकम आयमा गणना हुनुपर्ने भनी जिकिर लिएको।<br>▪ यस सम्बन्धमा, प्रतिवादीले कुनै जाँच अवधिमा कसैबाट सापटी आदि लिएर पनि व्यवहार चलाउन सक्ने र कानुनले यस्तो व्यवहारलाई अवैध नमानेको अवस्थामा कुनै जाँच अवधिको कुनै खण्डमा प्रतिवादीको आयभन्दा व्यय बढी देखिए पनि समग्र जाँच अवधिको समग्र आय मूल्याङ्कन गर्दा व्ययभन्दा बढी देखिएमा गैरकानुनी रुपमा सम्पत्ति आर्जनको कसुर गरेको भन्न मिल्ने नदेखिँदा सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्या र न्यायिक अभ्यास समेतको आधारमा वादीले जाँच अवधिको खण्डिकरण गर्नुपर्ने ठोस आधार र कारण उल्लेख गर्न नसकेको अवस्थामा प्रतिवादीको समग्र जाँच अवधिको समग्र आय व्ययको गणना र मूल्याङ्कन गर्न उपयुक्त हुने देखिएकोले यस शीर्षकमा जम्मा रु. ४०,००,०००।— आयमा गणना हुने देखिएको।<br>**(छ) आयोगले गणना नगरेको तर प्रतिवादीले जिकिर लिएका निम्न शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) अंशवापत प्राप्त नगद रकमः**<br>यस शीर्षकमा मालपोत कार्यालय, गौरमा र.नं. ५३२७ बाट मिति २०६८/०८/१५ मा पारित लिखत बमोजिम प्रतिवादी मदन प्रसाद गुप्ताले निजकी आमा पार्वती देवीबाट अंशवापत प्राप्त नगद रु. २५,००,०००।— निजको आयमा गणना नगरेको भनी जिकिर लिएको सम्बन्धमा, मालपोत कार्यालय, गौरबाट पारित लिखतबाट निज प्रतिवादीको जिकिर पुष्टि | पुनरावेदक/वादीको कुनै जिकिर नरहेको।<br>**(ग) अन्य व्यक्तिको नाममा खरिद गरेको स्रोत नखुलेको घरजग्गा धितो राखी लिएको कर्जाः**<br>**(अ)** यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम प्रस्तुत मुद्दामा प्रारम्भिक खर्च लगानी (मूलधन) लाई पहिलो प्रमाणित स्रोत खुल्नुपर्ने अन्यथा स्रोत नखुलेको सम्पत्तिबाट आर्जित आय वैध हुन नसक्ने हुँदा पूर्ण रुपमा स्रोत नखुलेका जग्गाहरु धितो राखी (अन्य स्रोत खुल्न आएका जग्गाहरु समेत धितोमा नराखिएको अवस्थामा) प्राप्त कर्जा आयलाई प्रतिवादी मदन प्रसाद गुप्ताको वैध आयमा गणना गर्न उपयुक्त नदेखिँदा प्रतिवादी मदन प्रसाद गुप्ताले भदै नाताकी प्रतिवादी कविता कुमारीको नाममा दर्ता कायम रहने गरी मिति २०७३/१०/१९ मा खरिद गरेको पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित **कि.नं. ७५** को ३८० व.मि. क्षेत्रफल भएको जग्गा र सोमा बनेको घर समेत Nepal Bank Limited, वीरगञ्जमा धितो राखी मिति २०७४/०१/१९ मा लिएको कर्जा रु. ९०,००,०००।– आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ताको वैद्य आयमा गणना नगरिएको।<br>**(आ)** सम्मानित विशेष अदालतबाट आरोपपत्रको पृष्ठ १० मा "अन्य व्यक्तिको नाममा खरिद गरी राखेको घरजग्गा बैंकमा धितो राखी सोही व्यक्तिको नामबाट कर्जा" शीर्षकमा जम्मा रु. ९०,००,०००।– उल्लेख गरी वादीले पनि स्वीकार गरेको देखिँदा सो हदसम्मको रकम गणना हुने भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत कि.नं. ७५ को जग्गा र सोमा रहेको घर समेतको मूलधनको स्रोत पुष्टि नभएको अवस्थामा धितो राखी प्रतिवादी मदन प्रसाद गुप्ताको आयमा रु. ९०,००,०००।— कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(घ) पेट्रोल पम्प (निशान ट्रेडर्स) बिक्रीबाट प्राप्त आयः**<br>**(अ)** प्रतिवादीहरु राजेश कुमार गुप्ता र कविता कुमारीको संयुक्त नाममा दर्ता कायम रहने गरी खरिद गरी राखेको सर्लाही जिल्ला, हरिवन ६ख स्थित **कि.नं. ७५९, ७६१ र ६२२** का ०-२-११ क्षेत्रफल भएको जग्गामा प्रतिवादी मदन प्रसाद गुप्ताको लगानी रहेको प्रतिवादी राजेश कुमार गुप्ताको भागको जग्गा मिति २०७६/०३/०१ मा मालपोत कार्यालय, सर्लाहीको र.नं. ९०१५ को लिखतले विश्वनाथ राउत अहिरलाई बिक्री गर्दा सोमा रहेको पेट्रोल पम्प (निशान ट्रेडर्स) समेत विश्वनाथ राउत अहिरलाई बिक्री गरे वापत प्राप्त रु. ४०,००,०००।– रकम आयोगबाट उक्त पेट्रोल पम्पमा गरेको खर्च/लगानी (मूलधन) को स्रोत नखुलेको भनी प्रतिवादीको आयमा गणना नगरिएको।<br>**(आ)** सम्मानित विशेष अदालतबाट वादीले जाँच अवधिको खण्डिकरण गर्नुपर्ने ठोस आधार र कारण उल्लेख गर्न नसकेको अवस्थामा प्रतिवादीको समग्र जाँच अवधिको समग्र आय व्ययको गणना र मूल्याङ्कन गर्न उपयुक्त हुने देखिएकोले यस शीर्षकमा जम्मा रु. ४०,००,०००।– आयमा गणना हुने भनी यसै पुनरावेदनपत्रको प्रकरण नं. ४(क)(अ)(आ) मा विवेचना गरिए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत उक्त पेट्रोल पम्पमा गरेको खर्च/लगानी (मूलधन) को स्रोत नखुलेको अवस्थामा प्रतिवादी मदन प्रसाद गुप्ताको |

भइरहेको देखिँदा रु. २५,००,०००।— प्रतिवादीको आयमा गणना हुनुपर्ने देखिएको।

**(आ) प्रतिवादी मदन प्रसाद गुप्ताले प्राप्त गरेका विभिन्न प्रकारका भत्ता रकमः**

- यस शीर्षकमा प्रतिवादीले जाँच अवधिमा चाडपर्व खर्च वापत रु. २,५८,६२२।—; मिति २०४७/०३/२७ देखि मिति २०४८ फागुन मसान्तसम्म मुस्ताङ जिल्लामा काम गर्दा दुर्गम भत्ता रु. २३,५६०।—; महंगी भत्ता रु. १,२३,८६७।—; पोशाक भत्ता रु. ७७,५००।— र विभिन्न तहमा निर्वाचन कार्यमा खटिँदा प्राप्त भत्ता समेत जम्मा रु. ५,५८,६२२।— गणना हुनुपर्ने भनी बहसनोटमा जिकिर लिएको देखिएको।
- यस सम्बन्धमा, चाडपर्व वापत प्राप्त रकम, दुर्गम भत्ता, महंगी भत्ता र पोशाक भत्ता शीर्षकहरुमा प्रतिवादीले जिकिर लिए बमोजिम रकम प्राप्त गरेको प्रमाण पेश गर्न सकेको नदेखिए तापनि सो सम्बन्धी जिकिर मनासिबै देखिएकोले र निर्वाचनमा खटिँदा प्राप्त भत्ताको प्रमाण पेश नभए तापनि जाँच अवधिभित्र न्यायोचित अनुमानको आधारमा जम्मा रु. ३०,०००।— प्राप्त गरेको मान्नुपर्ने देखिएकोले यस शीर्षकमा जम्मा रु. ५,१३,५४९।— प्रतिवादीको आय कायम भई न्यायिक अभ्यास बमोजिम उक्त रकमको ३०% कट्टा गरी ७०% ले हिसाब गर्दा यस शीर्षकमा जम्मा रु. ३,५९,४८४।— गणना हुने देखिएको।

**(इ) प्रतिवादी विककी गुप्ताको आयः**

यस शीर्षकमा प्रतिवादी विककी गुप्ताले सिप्रदी ट्रेडिङ प्रा.लि.बाट प्राप्त रु. ३,७७,२९१।— प्रतिवादीको आयमा गणना हुनुपर्ने भनी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीले जिकिर लिएको सम्बन्धमा, प्रतिवादीले अनुसन्धान तथा अदालतको बयानमा र पेश भएको बहस नोटमा समेत यस सम्बन्धमा जिकिर लिएको नदेखिँदा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीको बहसलाई मात्र आधार लिई निर्णय गर्न मिल्ने नदेखिई जिकिर

आयमा रु. ४०,००,०००।– कायम हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

**(ङ)** आयोगले गणना नगरेका तर प्रतिवादी मदन प्रसाद गुप्ता समेतले आयमा गणना हुनुपर्ने भनी जिकिर लिएका शीर्षकहरुका सम्बन्धमा, अंशवापत प्राप्त नगद रकम रु. २५,००,०००।—; प्रतिवादी मदन प्रसाद गुप्ताले प्राप्त गरेका विभिन्न प्रकारका भत्ता रकम रु. ३,५९,४८४।—; पार्वती स्टेशनरी स्टोर्सको आम्दानी रु. १०,००,०००।—; विभिन्न व्यक्तिहरुबाट लिएको कर्जा रु. ३५,००,०००।—; पशुपालनबाट प्राप्त आय रु. २,००,०००।—; टिकाटालो दक्षिणा रु. ५,००,०००।— र बैंक ब्याज वापत रु. १,९६,१००।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।

**व्ययतर्फः**

**(क) प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका सदस्यहरुका नाममा खरिद घरजग्गाको जग्गा रजिष्ट्रेशन शुल्क तथा घरको थप तला निर्माणः**

(अ) यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका सदस्यहरुका नाममा निम्न बमोजिम खरिद घरजग्गाको जग्गा रजिष्ट्रेशन शुल्क तथा घरको थप तला निर्माणमा भएको खर्च तथा लगानी जम्मा रु. ४,०८,५१,०००।— प्रतिवादीको व्ययमा गणना नगरिएको।

| क्र. सं. | घरजग्गाको विवरण | खरिद मूल्य (रु.) | रजिष्ट्रेशन दस्तुर (रु.) | घरको थप तला निर्माण लागत (रु.) | कूल लागत (रु.) |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी सर्लाही जिल्ला, विष्णुपुर मलंगवा ८ स्थित **कि.नं. २२३८** को १० धुर क्षेत्रफल भएको जग्गा मिति २०५७/०४/३० मा खरिद गरिएको। | ३२,५०० (लिखत मूल्य) | २,००० | ४,००,००० (एक तले घर प्रतिवादीले खुलाइदिए बमोजिम) | **४,३४,५००** |
| २ | प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी पर्सा जिल्ला, वीरगञ्ज १४ स्थित **कि.नं. १२४** को | ५,००,००० (लिखत मूल्य) | २२,५०० | ७,००,००० (मर्मत तथा तला थप | **१२,२२,५००** |

बमोजिम गणना गर्न मिल्ने नदेखिएको।

**(ई) पार्वती स्टेशनरी स्टोर्सको आम्दनीः**

- यस शीर्षकमा प्रतिवादी रिता देवीको नाममा सञ्चालित पार्वती स्टेशनरी स्टोर्स २०५६ साल देखि २०६४ सालसम्म सञ्चालन गर्दा अनुमानित रु. १५,००,०००।– आय आर्जन गरेको भनी प्रतिवादी मदन प्रसाद गुप्ताले दावी लिए तापनि आय पुष्टि हुने करचुक्ता लगायतका वस्तुनिष्ठ प्रमाण पेश नगरी हचुवाको भरमा लिएको दावीलाई वस्तुनिष्ठ प्रमाणको अभावमा गणना नगरिएकोमा प्रतिवादीले यस शीर्षकमा जम्मा रु. १५,८२,०००।— आयमा गणना हुनुपर्ने भनी जिकिर लिएको देखिएको।
- यस सम्बन्धमा, प्रतिवादिले मिति २०५८/११/१७ मा वाणिज्य कार्यालयमा उक्त फर्म दर्ता गरी प्रमाणपत्र र स्थायी लेखा नम्बर प्राप्त गरेकोमा विवाद नदेखिएको; प्रतिवादीले आ.व. २०५८/०५९ देखि आ.व. २०६६/०६७ सम्म उक्त फर्मबाट कूल रु. १५,८२,०००।— आम्दानी भएको; सो आम्दानीको करदाता सेवा कार्यालयमा कर दाखिला गरेको र कर चुक्ता प्रमाणपत्र समेत प्राप्त गरेको देखिएको; सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक पदका अतिरिक्त राष्ट्रसेवकले पैतृक सम्पत्ति, दान दातव्य तथा कुनै वरव्यवसायबाट पनि वैधानिक रुपमा आय प्राप्त गरेको हुन सक्ने भनी स्वीकार गरिएको र उक्त व्यवसायमा रु. १,००,०००।— लगानी गरेको भनी वादीले प्रतिवादीको खर्चमा गणना गरेको समेत देखिँदा सोही आधारमा समेत उक्त फर्मको अनुमानित आय रु. १०,००,०००।— गणना हुने देखिएको।

**(उ) विभिन्न व्यक्तिहरुबाट लिएको ऋणः**

- यस शीर्षकमा प्रतिवादीले जाँच अवधिमा विभिन्न व्यक्तिहरुबाट ऋण लिएको भनी बयानमा उल्लेख गरेका तथा अदालतमा पेश गरेको बहसनोटमा लिएको ऋण जम्मा रु. ७,५०,००,०००।— मध्ये रु. ३,१४,००,०००।— चुक्ता गरी बाँकी तिर्नुपर्ने ऋण जम्मा रु. ४,३६,००,०००।— निजको आयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | २६२.१० व.मि. जग्गा र सोमा बनेको एक तले घरसमेत मिति २०६६/०१/२८ मा खरिद गरिएको। | | | प्रतिवादीले खुलाइदिए बमोजिम) | |
| ३ | प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी पर्सा जिल्ला, वीरगञ्ज ४ स्थित **कि.नं. ६०** को ११८.८१ व.मि. जग्गा र सोमा बनेको एक तले घरसमेत मिति २०६७/०८/१५ मा खरिद गरिएको। | ७,००,००० (लिखत मूल्य) | ३१,५०० | २०,००,००० (थप तला प्रतिवादीले खुलाइदिए बमोजिम) | **२७,३१,५००** |
| ४ | प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी काठमाण्डौ जिल्ला, तीनथाना ९ स्थित **कि.नं. ८४६** को १७४.८५ व.मि. जग्गा र सोमा बनेको घरसमेत मिति २०७३/०८/२० मा खरिद गरिएको। | १,२५,००,००० (प्रतिवादीले खुलाइदिए बमोजिम) | २,६२,५०० | - | **१,२७,६२,५००** |
| ५ | प्रतिवादीहरु विककी गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादव समेतका नाममा दर्ता कायम रहने गरी काठमाण्डौ जिल्ला, का.म.न.पा. ११ | २,३३,००,००० (प्रतिवादीले खुलाइदिए बमोजिम) | ४,००,००० | - | **२,३७,००,०००** |

समावेश हुन दावी लिएको देखिएको।

- यस सम्बन्धमा, प्रतिवादी रिता देवीले विणा मानन्धरसँग मिति २०७३/०७/२९ मा लिएको रु. ७०,००,०००।— को हकमा, धनीले पर्सा जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरी फैसला समेत भइसकेको र निजले अदालतमा सोही व्यहोराको बकपत्र गरेको भए तापनि स्वयं प्रतिवादी रिता देवीले अनुसन्धान र अदालतको बयानमा सो सम्बन्धमा उल्लेख गरेको नदेखिँदा उक्त रकमलाई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको।
- यसै सम्बन्धमा, दुई पक्ष बिच मिली घरसारमा जुनसुकै मिति राखी जतिसुकै रकमको पनि लिखत तयार हुन सक्ने देखिँदा आधिकारिक निकायबाट पारित लिखत बाहेक घरसारमा तयार हुने यस्ता लिखतलाई मान्यता दिन मिल्ने नदेखिए तापनि प्रतिवादी मदन प्रसाद गुप्ताले प्रतिवादी राजेश कुमार गुप्ताको नाममा सुनैन मियाँबाट मिति २०७०/१०/२० मा र.नं. ४२५ख मालपोत कार्यालय, पर्साबाट पारित दृष्टिबन्धक लिखत बमोजिमको रु. ३५,००,०००।— ऋण लिएको देखिँदा उक्त रकम प्रतिवादीको आयमा गणना हुने देखिएको।

**(ऊ) पशुपालनबाट प्राप्त आयः**

- यस शीर्षकमा प्रतिवादी रिता देवीले २०४४ सालदेखि २०५६ सालसम्म गाई, भैंसी, बाखा पालन र सिलाई-बुनाई सिपबाट आम्दानी गरेको करिब रु. ५,००,०००।— गणना हुनुपर्ने भनी जिकिर लिएको।
- यस सम्बन्धमा, प्रतिवादीले सोको पुष्टि हुने प्रमाण पेश गर्न सकेको नदेखिए तापनि सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. वीरेन्द्रकुमार सिंह समेत* भएको गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७२, अंक ३, नि.नं. ९३६६) मुद्दामा *"जुन स्रोतहरू प्रतिवादीले व्यक्त गरेबमोजिम विश्वसनीय भएपनि समयको अन्तरालले सम्बन्धित कागज प्रमाण व्यक्तिको साथमा*

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थित **कि.नं. १३३१** को ६३.५८ व.मि. जग्गा र सोमा बनेको घरसमेत मिति २०७४/०५/२९ मा खरिद गरिएको। | | | | |
| | **जम्मा** | **३,७०,३२,५००** | **७,१८,५००** | **३१,००,०००** | **४,०८,५१,०००** |

(आ) उल्लिखित ५ वटा जग्गा र सोमा बनेको घर समेतमा भएको व्यय रकम मध्ये प्रतिवादी रिता देवीको नाममा रहेको काठमाण्डौ जिल्ला, तीनथाना ९ स्थित **कि.नं. ८४६** को १७४.८५ व.मि. जग्गा र सोमा बनेको घरसमेतको हकमा, घर काम्पाउण्ड तथा आन्तरिक सजावट फर्निचर, आदिको मूल्याङ्कन सहित ५ (पाँच) तले उक्त घरको (घर रहेको जग्गाको मूल्य बाहेक) कूल निर्माण लागत रु. २,१०,०५,५२४।२७ रहेको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालको च.नं. ८६६४ मिति २०७६/०८/०५ को पत्रसाथ प्राप्त प्राविधिक मूल्याङ्कन प्रतिवेदनबाट देखिएकोमा प्रतिवेदकहरु शुभाञ्जन दाहाल समेतले अदालतमा उपस्थित भई उक्त प्रतिवेदनको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको। प्रतिवादीको अदालत समक्षको मौखिक इन्कारीलाई आयोगद्वारा खटिएको प्राविधिकले पेश गरेको नाँपजाँच प्रतिवेदन र निज प्राविधिकले अदालतमा आई गरेको बकपत्र एवं स्वयं प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान समेतका आधार प्रमाणले झुट्टा ठह-याएको अवस्थामा प्रमाणको सामान्य मूल्याङ्कनबाट समेत देखिएको। लिखत मूल्य ३१/२ तला घर र जग्गाको भएको र खरिद पश्चात ११/२ तला घर थप गरी ५ तलाको घर भएको भन्ने प्राविधिकको नाँपजाँच प्रतिवेदन, निजको अदालतको बकपत्र, स्वयं प्रतिवादीको अनुसन्धानको क्रमको बयान र मालपोत कार्यालय, कलंकी, काठमाण्डौको रजिष्ट्रेशन नं. ३५३४/३ भएको मिति २०७३/०८/२० मा पारित लिखतबाट देखिन्छ र उक्त कित्ता जग्गामा राजिनामा हुँदाका बखत ३१/२ (साढे तीन) तला पक्की घर रहेको र पछि तला थप भएको भन्ने देखिएको।

(इ) त्यसैगरी, प्रतिवादीहरु विककी गुप्ता, जुगुली प्रसाद र जगतनारायण प्रसाद यादव समेतका नाममा रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. ११ स्थित **कि.नं. १३३१** को ६३.५८ व.मि. जग्गा र सोमा बनेको घरसमेतको हकमा, घर काम्पाउण्ड तथा आन्तरिक सजावट फर्निचर, आदिको मूल्याङ्कन सहित ८ (आठ) तले उक्त घरको (घर रहेको जग्गाको मूल्य बाहेक) कूल निर्माण लागत रु. १,७९,०१,३१३।७० रहेको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालको च.नं. ८६६४ मिति २०७६/०८/०५ को पत्रसाथ प्राप्त प्राविधिक मूल्याङ्कन प्रतिवेदनबाट देखिएकोमा प्रतिवेदकहरु शुभाञ्जन दाहाल समेतले अदालतमा उपस्थित भई उक्त प्रतिवेदनको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको। उक्त कित्ता जग्गाको मिति २०७४/०४/०६ को कर निर्धारण प्रमाण पत्र, घर/बाटो प्रमाणित पत्र, सम्बन्धित मालपोत कार्यालयबाट मिति २०७४/०५/२९ मा भएको पारित लिखत समेतबाट उक्त कित्ता जग्गामा ७ (सात) तला घर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | *रहिरहन नसक्ने हुनाले बिना प्रमाण आयमा समावेश गर्न पनि नसकिने र आयमा समावेश नगरेको अवस्थामा व्यक्तिलाई मर्का पर्न जाने अवस्थाको विद्यमानता रहेको हुनाले आय र व्ययको रकम निर्धारण गर्दा न्यायिक सद्विवेक प्रयोग हुनु जरूरी र सान्दर्भिक हुने।"* भन्ने व्याख्या भएको सन्दर्भमा न्यायोचित अनुमानको आधारमा यस शीर्षकमा रु. २,००,०००।— गणना हुन मनासिब हुने देखिएको।<br>**(ऋ) टिकाटालो दक्षिणाः**<br>▪ यस शीर्षकमा प्रतिवादी मदन प्रसाद गुप्ताले निजको तथा छोरा प्रतिवादी विककी गुप्ताको विवाहमा टिकाटालो, दान दक्षिणा, दाइजो वापत प्राप्त गरेको जम्मा रु. १०,५०,०००।— गणना हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको देखिएको।<br>▪ यस सम्बन्धमा, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. ईश्वरप्रसाद पोखरेल समेत* भएको गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६१) मुद्दामा *"छोरी चेलीले जन्मेदेखि नै माइती, मावली र अन्य आफन्तजनबाट कुनै समारोह, चाड पर्व, उत्सव, जन्मदिनसमेतका अवसरमा टीकाटालोबाट नगद पाउने गर्दछन्। त्यसरी पाएको नगद पाउने व्यक्तिको नै हुने भन्ने हाम्रो नेपाली समाजको विशिष्ट चरित्र हो।..."* भन्ने व्याख्या भएको आधारमा न्यायोचित अनुमानको आधारमा यस शीर्षकमा जम्मा रु. ५,००,०००।– प्रतिवादीको आयमा गणना हुन उपयुक्त हुने देखिएको।<br>**(ए) बैंक ब्याजः**<br>यस शीर्षकमा प्रतिवादीले निजको विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातबाट प्राप्त गरेको जम्मा रु. १,९६,१००।— गणना हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको सम्बन्धमा मिसिल संलग्न बैंक स्टेटमेन्ट | रहेको देखिन्छ। उक्त का.म.न.पा. ११ स्थित कि.नं. १३३१ मा बनेको घरको सन्दर्भमा पनि माथि विवेचना भए बमोजिम घरजग्गा खरिद गर्दाका बखत ७ तले घर रहेकोमा पछि १ तला थप गरी ८ तला हुन गएको भन्ने देखिरहेको अवस्थामा खरिद मूल्य अन्यथा प्रमाणित भईरहेको अवस्थामा आयोगबाट भएको मूल्याङ्कनलाई मान्यता नदिई लिखत मूल्यको आधारमा मात्र प्रतिवादीको व्यय कायम गरिएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>(ई) प्रस्तुत मुद्दामा मिसिल संलग्न मूल्याङ्कन प्रतिवेदन, प्रतिवेदकहरुले गरिदिएका बकपत्र, सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखत, कर निर्धारण प्रमाण पत्र, घर/बाटो प्रमाणित पत्र समेतबाट प्रतिवादी मदन प्रसाद गुप्ताले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. ११ र ४४ मा खुलाईदिए बमोजिम नै **कि.नं. ८४६** र **कि.नं. १३३१** का घरजग्गा खरिद तथा तला थप र रजिष्ट्रेशन दस्तुर समेतमा क्रमशः रु. १,२७,६२,५००।— र रु. २,३७,००,०००।— खर्च तथा लगानी भएको तथ्य पुष्टि भएको। तसर्थ, उक्त घरजग्गा खरिद पश्चात घरहरुको तला थप तथा निर्माण गरेको होइन भनी प्रतिवादी मदन प्रसाद गुप्ताको अदालतको बयान जिकिर खण्डित भएको र निजले घरहरुको तला थप तथा निर्माणमा भएको खर्च र लगानीको अंक खुलाईदिएको विषयमा अनुसन्धानमा गरिदिएको बयान विश्वसनीय देखिई **कि.नं. ८४६** र **कि.नं. १३३१** सँग सम्बन्धित पारित लिखतका अंक क्रमशः रु. ७०,००,०००।— र रु. ८०,००,०००।— अन्यथा पुष्टि भएको।<br>(उ) यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट *"...सम्पत्ति आर्जन गर्दाको अवस्थामा लागेको लागत मूल्य कति हो भन्ने यकिन गर्दा सर्वप्रथम लिखतमा जनिएको वा उल्लेख भएको मूल्यलाई आधिकारिक मूल्य मान्नु पर्ने हुन्छ। किनकि प्रमाण कानूनले अन्यथा प्रमाणित नभएसम्म लिखत प्रमाणलाई सर्वोत्तम प्रमाणको रूपमा मान्दछ..."*[५] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट *"अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र विश्वसनीय आधारभूत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिस्ट्रेसनको लिखत हो। सो लिखतमा लेखिएको व्यहोरा अन्यथा नभएसम्म मान्नु पर्ने हुने।"*[६] भन्ने सिद्धान्त प्रतिपादन भएको।<br>(ऊ) यसरी, मूल्याङ्कन प्रतिवेदन, प्रतिवेदकहरुले गरिदिएका बकपत्र, सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखत, कर निर्धारण प्रमाण पत्र, घर/बाटो प्रमाणित पत्र समेतबाट समेतका आधारमा प्रतिवादी मदन प्रसाद गुप्ताले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रको व्यहोरा विश्वसनीय नदेखिएकोले निजको बकपत्र प्रमाणको रुपमा ग्राह्य हुने अवस्था नदेखिँदा सम्मानित विशेष अदालतबाट उक्त घरजग्गाहरुको लिखतमा अङ्कित मूल्य अन्यथा प्रमाणित भएको अवस्था देखिँदा देखिँदै विवादित लिखतमा अङ्कित मूल्यलाई नै आधार मानी यस शीर्षकमा प्रतिवादीको व्यय रकम रु. १,६२,३२,५००।— कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ। |

[५] *नेपाल सरकार वि ,महेन्द्र गौतम समेत* .मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको,२०७४ .प.का.ने) अंक १, नि(९७५१ .नं.

[६] *नेपाल सरकार वि .ईश्वरप्रसाद पोखरेल समेत* ,मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको २०७ .प.का.ने)२, अंक ९, नि९ .नं.४६१ (

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | समेतबाट प्रतिवादीको विभिन्न बैंक तथा वित्तीय संस्थामा मौज्दात देखिएको अवस्थामा सोको ब्याज प्रतिवादीको जिकिर बमोजिम प्राप्त भएको देखिँदा सो रकम गणना हुनुपर्ने देखिएको।<br>(ज) प्रतिवादी मदन प्रसाद गुप्ताको जाँच अवधिको आय सम्बन्धमा आयोगबाट निज प्रतिवादीको सार्वजनिक सेवा प्रवेश पश्चातको पारिश्रमिक बचत आय रु. १९,५५,२४६।— कायम भएकोमा प्रतिवादीको फरक जिकिर नभई सो सम्बन्धी आरोपदावीमा मुख मिलेकै देखिँदा सो सम्बन्धमा थप विवेचना गर्नुपर्ने नदेखिएको।<br>व्ययतर्फः<br>(क) **प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका सदस्यहरुका नाममा खरिद घरजग्गाको जग्गा रजिष्ट्रेशन शुल्क तथा घरको थप तला निर्माणः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका सदस्यहरुका नाममा खरिद घरजग्गाहरुको जग्गा रजिष्ट्रेशन शुल्क तथा घरको थप तला निर्माणमा जम्मा रु. ४,०८,५१,०००।— खर्च तथा लगानी भएको भनी व्ययमा गणना गरिएकोमा प्रतिवादीले सो शीर्षकमा यथार्थ खर्च जम्मा रु. १,७३,५१,०००।— मात्र भएको तथा घरको थप तला र मर्मत नगरेको भनी जिकिर लिएको देखिन्छ।<br>▪ यस सम्बन्धमा, पारित लिखतहरुबाट **कि.नं. २२३८, १२४, ६०, ८४६ र १३३१** समेतका ५ कित्ताहरुमा रहेका घरहरु प्रतिवादी आफैले बनाएको नभई खरिद गरेको देखिएको; अन्यथा प्रमाणित भएमा बाहेक खरिद बिक्री गर्दा वास्तविक र कानुनसंगत हुने नै हुन्छ भनी सम्मानित सर्वोच्च अदालतबाट न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिएको र घरजग्गा खरिद पश्चात घरहरुको तला थप, निर्माण तथा मर्मत गरेको होइन भनी प्रतिवादीले लिएको जिकिरलाई वादीले खण्डन गर्न सकेको नदेखिएकोले उक्त घरहरुको तला थप, निर्माण तथा मर्मतमा प्रतिवादीले खर्च गरेको | उल्लिखित २ वटा घरजग्गामा व्यय रकम जम्मा रु. ३०००,८१,९७,।— कायम हुनुपर्ने अवस्था रहेको।<br>**(ख)** सम्मानित विशेष अदालतबाट यस शीर्षकमा **कि.नं. २२३८** को हकमा रु. ३२,५००।–, **कि.नं. १२४** को हकमा रु. ५,००,०००।– र **कि.नं. ६०** को हकमा रु. ७,००,०००।– तथा वादीले गणना नगरेको भनी **कि.नं. २८१, २८५, २८७ र २८९** का जग्गाहरु खरिद गर्दा भएको खर्च जम्मा रु. २०,३०,०००।– प्रतिवादीको व्ययमा कायम गरिएको सम्बन्धमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।<br>**(ग)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट घर बहाल कर रु. ८,८९,१२३।— तथा बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा चुक्तामा तिरे बुझाएको साँवा ब्याज रकम रु. ३,१४,४८,२७२।— व्ययमा कायम गरिएको सम्बन्धमा र बा. १९ च ९७४१ नम्बरको सवारी साधन खरिद, लालनपालन खर्च र प्रतिवादी मदन प्रसाद गुप्ता र युगल किशोर ठाकुरको संयुक्त नाममा राष्ट्रिय वाणिज्य बैंक, सिमरामा सञ्चालित खाता नं. १२३०००१९१८१० मा देखिएको मौज्दात रकम व्ययमा गणना नगरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर नरहेको।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी मदन प्रसाद गुप्ताको जाँच अवधिको समग्र व्यय जम्मा **रु. १५,८३,९८,८९१।— (अक्षरुपी पन्ध्र करोड त्रियासी लाख अन्ठान्नब्बे हजार आठ सय एकान्नब्बे रुपैयाँ)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. ६,०८,९२,६७०।— (अक्षरुपी छ करोड आठ लाख बयान्नब्बे हजार छ सय सत्तरी रुपैयाँ)** देखिएकोले निज प्रतिवादीले **रु. ९,७५,०६,२२१।— (अक्षरुपी नौ करोड पच्हत्तर लाख छ हजार दुई सय एकाईस रुपैयाँ)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु. ९,७५,०६,२२१।— (अक्षरुपी नौ करोड पच्हत्तर लाख छ हजार दुई सय एकाईस रुपैयाँ)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट प्रतिवादीले बिगो रु. २,८८,२९,९९३।— मात्र गैरकानुनी आर्जन गरेको ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी मदन प्रसाद गुप्ताले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ठहर गरी आयोगको अभियोग मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सोही बमोजिम सम्पत्ति समेत जफत गरी पाउन मागदाबी रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नदेखिँदा लिखतमा उल्लिखित मूल्यलाई (कि.नं. २२३८ को हकमा रु. ३२,५००।—, कि.नं. १२४ को हकमा रु. ५,००,०००।—, कि.नं. ६० को हकमा रु. ७,००,०००।—, कि.नं. ८४६ को हकमा रु. ७०,००,०००।— र कि.नं. १३३१ को हकमा रु. ८०,००,०००।—) आधार मान्दा उक्त घरजग्गाहरुको खरिद मूल्य जम्मा रु. १,६२,३२,५००।— र रजिष्ट्रेशन दस्तुर रु. ७,१८,५००।— कायम हुने देखिएको।<br>▪ साथै, प्रतिवादी रिता देवीको नाममा दर्ता कायम रहने गरी पर्सा जिल्ला, मसिहानी ४ स्थित **कि.नं. २८१, २८५, २८७ र २८९** को क्रमशः ०-१०-१२१/२, ०-१०-१५, ०-१२-१५ र ०-१२-१५ क्षेत्रफल भएका जग्गाहरु खरिद गर्दा भएको खर्च जम्मा रु. २०,३०,०००।— वादीले गणना गरेको नदेखिँदा सो रकम समेत गणना गर्दा प्रतिवादीको यस शीर्षकमा जम्मा रु. १,८९,७३,०००।— खर्च कायम हुनुपर्ने देखिएको।<br>(ख) **प्रतिवादी मदन प्रसाद गुप्ताको परिवारका सदस्यहरु बाहेक अन्य व्यक्तिहरुका नाममा खरिद गरिएका घर र जग्गाहरु एवं रजिष्ट्रेशन शुल्क समेतमा भएको खर्च तथा लगानीः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. ५,२७,८९,५००।— कायम गरिएकोमा प्रतिवादीले **कि.नं. २८१, २८५, २८७ र २८९** का जग्गाहरु खरिद गर्दा आयोगले कायम गरेको खर्च रु. १५,२२,५००।— यस शीर्षकको कूल खर्च तथा लागानी रु. ५,२७,८९,५००।— मा घटाउँदा हुन आउने वास्तविक व्यय रु. ५,१२,६७,०००।— मात्र गणना हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, उक्त जग्गा इन्दीरा देवी काफ्लेको नाममा खरिद गरिएको भनी वादीले गणना गरेको देखिएको र स्वयं इन्दीरा देवी काफ्लेको अनुसन्धानको कागज तथा बकपत्र अनुसार निजको नाममा खरिद गरेको तथ्य देखिँदा वादीबाट गरिएको गणना मनासिबै देखी यस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | शीर्षकमा जम्मा रु. ५,२७,८९,५००।– नै गणना हुने देखिएको।<br>**(ग) घर बहाल कर:**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. ४,८२,७६०।– गणना गरिएकोमा प्रतिवादीले सोभन्दा बढी गणना हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, घर बहाल आय शीर्षकमा जम्मा रु. ८८,९१,२२८।– गणना भए बमोजिम प्रतिवादीले जम्मा रु. ८,८९,१२३।– घर बहाल कर तिरेको देखिँदा सो रकम प्रतिवादीको व्ययमा गणना हुनुपर्ने देखिएको।<br>**(घ) बैंक तथा वित्तीय संस्थाहरुबाट लिएका कर्जा चुक्तामा तिरे बुझाएको साँवा ब्याज रकम:**<br>यस शीर्षकमा जाँच अवधिमा जम्मा रु. ३,२०,४०,५१२।– गणना गरिएकोमा प्रतिवादी रकी गुप्ता र सागर मानन्धरको संयुक्त साझेदारीमा सञ्चालित गायत्री निशान अटो कर्प प्रा.लि. ले लिएको Overdraft कर्जा रु. ४५,००,०००।– को ब्याज रकम रु. ५,९२,२४०।– कम्पनी ऐन, २०६३ को दफा ७(२) र दफा ८ बमोजिम गायत्री निशान अटो कर्प प्रा.लि. छुट्टै अस्तित्व तथा दायित्व भएको कानुनी व्यक्ति भएकोले उक्त कम्पनीले आफ्नै आय स्रोतबाट तिरे बुझाएको ब्याज रकम प्रतिवादी रकी गुप्ताको व्ययमा गणना गर्न नमिल्ने भनी प्रतिवादिको जिकिर रहेको। यस सम्बन्धमा, कम्पनीको शेयरवालाहरुभन्दा छुट्टै कानुनी व्यक्तित्व हुने सिद्धान्त बमोजिम गायत्री निशान अटो कर्प प्रा.लि. ले कर्जा लिई तिरेको ब्याज रु. ५,९२,२४०।– प्रतिवादी रकी गुप्ताले तिरेको मान्न नमिल्ने देखिँदा उक्त ब्याज रकम प्रतिवादीको खर्चबाट घटाउँदा यस शीर्षकमा जम्मा रु. ३,१४,४८,२७२।– मात्र खर्चमा गणना हुने देखिएको।<br>**(ङ) बा. १९ च ९७४१ नम्बरको सवारी साधन खरिद:**<br>यस शीर्षकमा जाँच अवधिमा प्रतिवादी रकी गुप्ता र सागर मानन्धरको संयुक्त साझेदारीमा सञ्चालित गायत्री | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निशान अटो कर्प प्रा.लि.को नाममा दर्ता कायम रहने गरी बा. १९ च ९७४१ नम्बरको Scorpio Jeep रु. ५५,२५,०००।— मा खरिद भएकोमा प्रतिवादी रकी गुप्ताको भागको रु. २७,६२,५००।— प्रतिवादीको व्ययमा गणना गरिएकोमा उक्त सवारी Global IME Bank Limited को ऋण लगानीमा बैंकको नाममा दर्ता रहने गरी खरिद गरेको र प्रतिवादी रकी गुप्ताले लगानी नगरेको हुँदा सो रकम गणना गर्न नमिल्ने भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, कम्पनीको स्वतन्त्र कानुनी हैसियतको सिद्धान्त बमोजिम कम्पनीले खरिद गरेको सम्पत्ति प्रतिवादी रकी गुप्ताले खरिद गरेको भन्न मिल्ने नदेखिँदा उक्त रकम प्रतिवादीको खर्चमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(च)श्यामप्रसाद तिमलसीना र वृजलाल प्रसाद रौनियारलाई दिएको रकमः**<br>यस शीर्षकमा जाँच अवधिमा प्रतिवादी मदन प्रसाद गुप्ताले जिल्ला प्रशासन कार्यालय, मकवानपुरका कार्यालय सहयोगी श्यामप्रसाद तिमलसीनालाई दिएको रु. १०,००,०००।— र वृजलाल प्रसाद रौनियारको Nepal Bank Limited को खातामा जम्मा गरेको रु. ३३,००,००५।— समेत गरी जम्मा रु. ४३,००,००५।— प्रतिवादीको खर्चमा गणना गरिएकोमा वृजलाल प्रसाद रौनियारको बैंक खातामा रु. ३३,००,००५।— जम्मा नगरेको र श्यामप्रसाद तिमलसीनालाई रु. १०,००,०००।— पनि नदिएको हुँदा उक्त रकम गणना हुनुपर्ने होइन भनी प्रतिवादीले जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादी मदन प्रसाद गुप्ताले अनुसन्धानमा गरेको बयानको स.ज. ४६ बाट, वृजलाल प्रसाद रौनियार समेतले अनुसन्धानमा गरेको बयानबाट र अनुसन्धानको क्रममा श्यामप्रसाद तिमलसीनाको कोठाबाट बरामद बैंक भौचर समेतबाट प्रतिवादी मदन प्रसाद गुप्ताले वृजलाल प्रसाद रौनियारको Nepal Bank Limited को खातामा रु. ३३,००,००५।— जम्मा गरेको तथ्य खुलेको देखिएको र प्रतिवादी मदन प्रसाद गुप्ताले गरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बयानबाट र श्यामप्रसाद तिमलसीनाले गरेको कागजबाट प्रतिवादी मदन प्रसाद गुप्ताले श्यामप्रसाद तिमलसीनालाई हेटौंडामा घर जग्गा किन्न रु. १०,००,०००।— सहयोग गरेको देखिएकोले यस शीर्षकमा वादीले गरेको गणना मिलेकै देखिएको।<br>**(छ) लालनपालन खर्चः**<br>यस शीर्षकमा जाँच अवधिमा प्रतिवादी मदन प्रसाद गुप्ताले खुलाईदिए बमोजिम जीवन निर्वाह खर्च वापत रु. ३६,००,०००।— प्रतिवादीको व्ययमा गणना गरिएकोमा उक्त रकम गणना हुनुपर्ने होइन भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, प्रतिवादी मदन प्रसाद गुप्ताको पारिश्रमिक तथा अन्य भत्तामा ३०% जीवन निर्वाह वापत कट्टा गरी गणना गरिसकेको देखिएको र प्रतिवादीले जीवन निर्वाह वापतको रकम नपुगी यस शीर्षकमा यति खर्च गरेको भनी ठोस दावी लिन र प्रमाणबाट पुष्टि गर्न पनि सकेको नदेखिएकोले जीवन निर्वाहमा दोहोरो गणना गर्न मिल्ने नदेखिई वादीले यस शीर्षकमा रु. ३६,००,०००।— प्रतिवादीको खर्चमा गणना गरेको मिल्ने नदेखिएको।<br>**(ज) प्रतिवादी मदन प्रसाद गुप्ता र युगल किशोर ठाकुरको संयुक्त नाममा राष्ट्रिय वाणिज्य बैंक, सिमरामा सञ्चालित खाता नं. १२३०००१९१८१० मा देखिएको मौज्दात रकमः**<br>▪ यस शीर्षकमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ता र मालपोत कार्यालय, सिमरा, बाराका लेखापाल युगल किशोर ठाकुरको संयुक्त नाममा राष्ट्रिय वाणिज्य बैंक, सिमरामा सञ्चालित खाता नं. १२३०००१९१८१० मा रु. २,७६,४४,००१।— मौज्दात रहे भएको सम्बन्धित बैंकको बैंक स्टेटमेन्टबाट देखिएकोले सो रकम प्रतिवादीको व्ययमा गणना गरिएकोमा सिमरा स्थित बैंकहरुमा कोष तथा लेखा नियन्त्रक कार्यालयको खाता नरहेको तथा उक्त रकम लकलैयामा जम्मा गर्न जाँदा जोखिम हुने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएकोले कार्यालयमा जम्मा भएको राजस्व सुरक्षित साथ राखी को.ले.नि.का.को खातामा जम्मा हुने प्रयोजनको लागि कार्यालयको पत्रबाट निज र लेखापाल युगल किशोर ठाकुरको नाममा संयुक्त खाता खोली मिति २०७५/०५/०७ देखि कार्यालय सञ्चालन गरिएको र सोही बमोजिमको रकम जम्मा भएको हो भनी प्रतिवादीको जिकिर रहेको देखिएको।<br>▪ यस सम्बन्धमा, प्रतिवादीको जिकिर बमोजिमको तथ्यलाई आरोपपत्रमा पनि स्वीकार गरेको देखिएको, सो रकमको सम्बन्धमा प्रतिवादी मदन प्रसाद गुप्ता उपर **मुद्दा नं. ०७५-CR-०२७८** भएको **राजस्व चुहावट मुद्दामा** सम्मानित विशेष अदालतबाट उक्त रकम राजस्वको रकम भई सो खाता रोका भएको र सो खाताको रकम नेपाल सरकारले असूल गरी लिन सक्ने नै हुँदा राजस्व हिनामिना भएको भन्न नमिल्ने भनी मिति २०८०/०३/०४ मा फैसला भएको समेत देखिएको र सो खाताको रकम प्रतिवादीले झिकेको वा कारोबार गरेको पनि नदेखिएकोले कार्यालयको खातामा रहेको उक्त राजस्व रकम प्रतिवादीको व्यक्तिगत रकम भन्न मिल्ने नदेखिँदा सो रकमलाई प्रतिवादीको खर्चमा गणना गर्न मिल्ने नदेखिएको।<br>(झ) प्रतिवादी मदन प्रसाद गुप्ताको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट प्रतिवादी मदन प्रसाद गुप्ता र निजको परिवारका सदस्यहरुका नाममा खरिद गरिएका जग्गाहरु र रजिष्ट्रेशन शुल्क समेतमा भएको खर्च तथा लगानी रु. ९०,१४,१००।—; जग्गा बिक्री वापत तिरे बुझाएको पूँजिगत लाभकर रु. ४,८७,५००।—; बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्राप्त गर्दा सम्बन्धित संस्थालाई तिरे बुझाएको सेवाशुल्क रु. ७,०४,५००।—; प्रतिवादी मदन प्रसाद गुप्ताको परिवारको सदस्य बाहेक प्रतिवादी निरज कुमार गुप्ताको नाममा बा. ११ च ९८६० नम्बरको सवारी साधन खरिद गरे वापत रु. ४०,००,०००।—; प्रतिवादी मदन प्रसाद गुप्ताको परिवारको सदस्य बाहेक प्रतिवादी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निरज कुमार गुप्ताको नाममा निशान ट्रेडर्स (पेट्रोल पम्प) मा भएको लगानी रु. ४०,००,०००।—; पार्वती स्टेशनरी स्टोर्स, गायत्री निशान अटो कर्प प्रा.लि., नेपाल रोडसाइड एसिस्टेन्स समेतका व्यवसायहरुमा भएको लगानी रु. ७१,००,०००।—; प्रतिवादीहरु विककी गुप्ता र रकी गुप्ताको शैक्षिक खर्च रु. १५,५०,०००।—; सुन चाँदी खरिद वापत रु. ३,००,०००।—; विद्युतीय उपकरण खरिद वापत रु. २,५०,०००।—; प्रतिवादी विककी गुप्ताको विवाह खर्च रु. ४,००,०००।—; प्रतिवादी मदन प्रसाद गुप्ताको साथमा रहेको नगद रु. ५,००,०००।— र बैंक मौज्दात रु. ८,८४,८९१।— कायम गरिएकोमा प्रतिवादीको सहमति रहेको देखिँदा सो सम्बन्धमा थप विवेचना गर्नुपर्ने नदेखिएको। | |